# सूचना !! सूचना !! सूचना !!

नेपाल स्वास्थ्य सेवाका विभिन्न समूह/उपसमूहमा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धी कार्य यथाशीघ्र सम्पन्न गर्ने गरी कार्य भैरहेको व्यहोरा अवगत नै छ ।कर्मचारी समायोजन भएको पत्र छिटो साधनद्वारा कर्मचारी कार्यरत रहेकै स्थानमा पुग्ने गरी पठाउने व्यवस्था मिलाईएको छ । समायोजन तथा पदस्थापन सम्बन्धी कार्यलाई मन्त्रालयले उच्च प्राथमिकतामा राखी कार्य अगाडी बढाई रहेको सन्दर्भमा यस वर्षात तथा विपदको समयमा खटिएको तत् तत् स्थानमा स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यमा लागि रहन सबै तहका कर्मचारीहरुलाई पुनः यसै सूचनाद्वारा स्मरण गराउँदै पदनाम तथा स्तरवृद्धिका सम्बन्धमा समायोजन प्रक्रिया सम्पन्न हुनासाथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अर्थ मन्त्रालयसँग समन्वय गरी समस्या समाधान गरिने व्यहोरा समेत सम्वन्धित सबैलाई जानकारी गराइएको छ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं